# विशेष तथा निश्चित अनुदान रकम सम्बन्धि 「 हुलाक मार्फत आवेदन 」 जानकारी

विशेष तथा निश्चित अनुदान रकम (प्रति व्यक्ति १ लाख येन राहत अनुदान) को लागि आवेदन फाराम हुलाक मार्फत पठाईने छ। निम्न प्रकृया अनुसार आवेदन फाराम भर्नु होला। लेख्ने बेलामा नमेटिने पेनको प्रयोग गर्नु होला।

■ **पठाईएका कागजपत्रहरु**

- विशेष तथा निश्चित अनुदान रकमको आवेदन फाराम
- अनुदान रकम 「हुलाक मार्फत आवेदन」 यो निर्देशिका
- फाराम भरेर पठाउनको लागि खाम

■ **विशेष तथा निश्चित अनुदान रकमको बारे**

- अनुदान पाउन सक्ने योग्य व्यक्ति ・・・तोकिएको मिति (सन २०२०साल अप्रिल २७ तारिख) सम्ममा सुगीनामीकुमा **बसाई दर्ता गरिएका व्यक्तिलाई**
- आवेदक / अनुदान पाउने व्यक्ति ・・・अनुदान पाउने व्यक्तिको **घरको मुली / प्रमुख**

■ **हुलाक मार्फत आवेदन दिने प्रकृया**

**【प्रकृया १】 आवेदन फाराम भर्ने।** (पछाडि फाराम भर्ने नमूना लेखिएको छ।)

- भर्ने ठाउँ[घर मुली / प्रमुख (आवेदक / अनुदान पाउने व्यक्ति)ले भर्ने ठाउँ] र [ रकम पठाई पाउने बैंक खाताको विवरण भर्ने ठाउँ]छ।
- रकम बुझिलिने खाताको विवरण सहि, छुट नहुने गरि भर्नु होला। भर्नमा भुल तथा छुट भयो भने रकम पठाउन धेरै समय लाग्ने छ। ※बैंकको कोड नं पनि भर्नु पर्दछ।

**【प्रकृया २】 व्यक्तिगत पुष्टिकरणको कागजात जस्तै जाइरीयू कार्डको फोटोकपी फारामको पछाडिको माथिल्लो भागमा, रकम बुझिलिने खाताको फोटोकपीलाई फारामको पछाडिको तल्लो भागमा टाँस्नु पर्ने छ।**

- आवेदकको आफ्नो पुष्टिकरण कागजात ：सवारी चालक ईजाजत पत्र, माईनम्बर कार्ड, स्वास्थ्य बीमा पत्र, जाइरीयू कार्ड, विशेष स्थायी निवासी प्रमाणपत्र (विदेशीका निम्ति)आदि
- रकम बुझिलिने खाताको कागजात ： बैंकको पास बुक (अगाडि बाट पल्टाउँदा पहिलो पानाको दुबै पाना ) क्यास कार्ड, ईन्टरनेट बैंकिंगको लागि कम्प्यूटरको स्किनको प्रिन्ट आदि

**【प्रकृया ३】 हुलाक मार्फत पठाउने खाममा आवेदन फाराम राखी पोष्टमा खसाल्नु होला।** (आवेदन फाराम भरि पठाई सकेपछि पनि सोधपुछका निम्ति, आवेदन फारामको नाम लेख्ने ठाउँको माथिल्लो भागमा लेखिएको प्रशासकिय नम्बर टिपेर लेखिराख्नु भएमा काम छिटो हुनेछ। )

| **प्रशासकिय नम्बर लेख्ने ठाउँ** |
| --- |
| |

◎**ध्यान दिनुपर्ने कुरा**

- अनुदान रकम घरमुलीको खातामा एकमुष्ट जम्मा हुनेगरि पठाईने छ।
- ईन्टरनेट अनलाइनबाट अर्थात माइनापोतरबाट आवेदन दिने व्यक्तिले ,पठाईएको आवेदन फारामको प्रयोग नगर्नु होला।
- **आवेदन फाराम बुझिलिने समयावधि, <u>सन २०२० साल अगष्ट २४ तारिख （सोमबार） सम्ममा हुलाक टिकट मान्य हुनेछ।</u>**
- निम्न अवस्थामा अनुदान रकम **फिर्ता** लिइने छ। ①यदि अन्य ठाउँ, शहरबाट अनुदान लिएको खण्डमा ② परिवारका अन्य सदस्यले अनुदान लिइराखेको भेटिएको खण्डमा
- यदि **प्रतिनिधि**ले आवेदन दिएको खण्डमा यो पानाको तल्लो भागको मन्जूरी नामा पत्रका साथ, व्यक्तिगत अवस्था तथा परिस्थिति अनुसार बुझाउने कागजातहरु फरक हुन सकिने छ। विस्तृत बिवरणका लागि तलको कल सेन्टरमा सम्पर्क गर्नु होला।

## विस्तृत जानकारीका लागि, सुगीनामीकु तोकुबेचु तेइगाकु क्यूफुकिन कल सेन्टरमा

(खोल्ने समय: बिहान ८:३० बजे देखि साँझ ६:३०बजे सम्म। शनिवार, आईतबार, सरकारी बिदामा समेत। सन २०२०साल सेप्टेम्बर३०तारिख सम्म)

0120-798-063 (नम्बर दोऱ्हयाई हेर्नु होला)

---------------------------------------------- काट्ने लाईन ------------------------------------------------------

**प्रतिनिधि आवेदन (लिने)का लागि मन्जूरी नामा पत्र** (प्रतिनिधि आवेदन दिनेले पहिला कल सेन्टरमा सम्पर्क गर्नु पर्ने छ।यो प्रतिनिधि आवेदनका लागि मात्र हो।)

| प्रतिनिधि | कातागाना<br>प्रतिनिधिको नाम | निवेदक सँग को सम्बन्ध | प्रतिनिधिको जन्म मिति | प्रतिनिधिको ठेगाना, फोन नम्बर |
| --- | --- | --- | --- | --- |
| | | | मेइजि ताइस्योउ स्योउवा हेइसेइ<br>साल महिना तारिख | ठेगाना<br>दिउँसो सम्पर्क हुने फोन नम्बर<br>( ) |

| | |
| --- | --- |
| माथि उल्लेखित व्यक्ति प्रतिनिधिको रुपमा स्वीकारी,<br>विशेष तथा निश्चित अनुदान रकमको { आवेदन, दावी / रकम प्राप्ति / आवेदन, दावी तथा रकम प्राप्ति } को मन्जूरी छ। | परिवारको मुली प्रमुखको सहि अथवा इन्खान लगाउने<br>㊞ |

○भर्ने नमूना

सुगीनामीकु प्रमुख ①मिति: २०२०साल महिना तारिख

तलका विवरणको सहमतिको आधारमा अनुदान रकमको आवेदन पेश गर्दछु ।

| | | |
|---|---|---|
| मुली परिवार | नाम | कातागाना |
| | | ② ㊞ |
| | जन्म मिति ③मेइजि ・ताइस्योउ स्योउवा ・हेइसेइ साल महिना तारिख | |
| | हालको ठेगाना ④ | |
| | अफिस समयमा सम्पर्क हुने फोन नम्बर ⑤ ( ) | |

①आवेदन फाराम भरेको दिनको मिति लेख्ने ।एचच
② घरमुलीको नाम, फुरिगाना लेख्ने । नाम आफैले लेखेको खण्डमा छाप (हान्को) हान्नु नपर्ने ।
③ जन्म मिति लेख्ने ।
④ हालको ठेगाना लेख्ने ।
⑤ अफिस समयमा सम्पर्क हुने फोन नम्बर लेख्ने ।
※ कुनै शब्द / अक्षर भुलेर लेखिएको खण्डमा भुलेको ठाउँमा तेर्सो धर्को तानि, नजिकको खालि ठाउँमा सच्याई लेख्ने ।
< उदाहरण >
[सुगीनामी हानाको] लाई [सुगीनामी तारोउ ] मा सच्याउनु परेको खण्डमा
सुगीनामी ~~हानाको~~ तारोउ

○रकम पठाई पाउने बैंक खाताको विवरण भर्ने ठाउँ(लामो अवधि सम्म कारोबार नभएको खाता नलेख्नु होला ।)

| | | | | |
|---|---|---|---|---|
| बैंकको नाम (युच्यो गीनकोऊ बाहेक) | ⑥ 杉並 | (बैंक) / नोउक्योउ / सिनयोउकिनकोउ / सिनयोउकुमिआइ | 阿佐ヶ谷 | केन्द्र ・(शाखा) / केन्द्र ・शाखा / केन्द्र ・शाखा |
| | बैंक कोड: 9 9 9 9 | शाखा कोड: 9 9 9 | खाताको प्रकार: (१) चल्ती २ चालु | खाता नं (दाँयाबाट लेख्ने): 9 9 9 9 9 9 9 |
| युच्यो गीनकोऊ | बैंक कोड: 9 9 0 0 1 | | पासबुकको संकेट नं: 0 १० | पासबुकको नं (दाँयाबाट लेख्ने): |
| खातावालाको नाम | नाम (कातागाना)बाँयाबाट लेख्ने नाम र थरको बिचमा एकवटा बक्स खाली छोड्ने | | | |
| | ス キ ゛ ナ ミ | タ ロ ウ | | |
| | नाम ११ | | | |
| | SUGINAMI TAROU(बैंकको पासबुकमा लेखिएको जस्तै तरिकाले नाम लेख्नु होला) | | | |

< युच्यो गीनकोऊ बाहेकको बैंक खाताका लागि >
⑥ बैंकको नाम र शाखाको नाम लेख्ने ।
⑦ बैंक कोड र शाखा कोड लेख्ने ।
**・ बैंककोड, पासबुकको पछाडि लेखिएको बैंक पनि छन । नगरपालिकाको होम पेजमा पनि मुख्य बैंकहरुको कोड लेखिएको छ ।**
⑧आफुले चलाउने बैंकमा गोलो चिन्ह लगाउने ।
⑨ खाता नं लेख्ने ।
⑪खातावालाको नाम र फुरिगाना लेख्ने ।

< युच्यो गीनकोऊको बैंक खाताका लागि >
१० पासबुकको संकेट न (किगो नं) र खाता नं लेख्ने ।
⑪ खातावालाको नाम र फुरिगाना लेख्ने ।
**※नम्बरहरु राम्रो अक्षरले, भूल नहुने गरि लेख्नु होला । छिटो छरिटो रकम पठाउनका लागि सहयोगको अनुरोध गर्दछु । फाराम भर्ने बेलामा कुनै (बैंक आदिका बारेमा) नबुझेका कुरा भए पछाडि लेखिएको कल सेन्टरमा फोन गर्नु होला ।**

# अनुदान रकम ठगी देखि सावधान

जापान सरकार तथा नगरपालिकाले निम्न कुरा अनुरोध कदापी गर्दैन ।
「एटिएम (ATM) मार्फत केहि प्रकृया गर्ने」「रकम पठाए बापत सेवा शुल्क लिने」「मेल पठाइ URLआदिबाट आवेदन दिने」

**「शंका ?」 लाग्ने बित्तिकै, कुनै अप्ठ्यारो नमानि निम्न निकायमा सम्पर्क गर्नु होला ।**

उपभोक्ता हतलाईन(क्षेत्रीयकोड नचाहिने, मात्र ३ अंक) ☎188
कोरोना भाइरस अनुदान सम्बन्धित उपभोक्ता हतलाईन ☎0120-213-188

सुगीनामीकु ठगी सम्बन्धि ☎ 5307-0800
सुगीनामीकु पुलिस ☎ 3314-0110
ताकाईदो पुलिस ☎ 3332-0110
ओगिकुबो पुलिस ☎ 3397-0110